सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

च न

प स

मितिः २०७६/०७/२७

**विषयः साना सिंचाई निर्माण तथा मर्मत संहार कार्यक्रम माग सम्बन्धि सुचना ।।।**

सन्धिखर्क नगरपालिकाको आ.व. २०७६।०७७ को साना सिंचाई निर्माण तथा मंर्मत संहार सम्वन्धि ससर्त कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको प्रक्रिया पुर्याई रित पुर्वकको माग फारम यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. साना सिंचाई निर्माण तथा मर्मत संहार कार्यक्रम मागको निदृष्ट फारम भरी रु १०० को राजश्व दस्तुर तिरी यस कार्यालयबाट उपलव्ध गराईनेछ ।

२. कार्यक्रम माग गर्दा समुह सहकारी उपभोक्ता समितिको कम्तीमा १५ प्रतिशत जनश्रमदान गर्ने समेतको निर्णय प्रतिलिपी तथा संस्था वा समुह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

३. सम्वधित वडाको सिफारीस सहित यस कार्यालयमा तोकिएको मिति भित्र रु. १० को टिकट टाँस गरी निवेदन सहित बुझाई सक्नु पर्ने छ ।

४. व्यवसायिक कृषक समुह, सहकारी, उपभोक्ता समिति लाई मात्र उपलव्ध गराईने छ व्यवसायिक कृषक समुह सहकारी तथा उपभोक्ता समिति भन्नाले कम्तीमा १५ रोपनी क्षेत्रफलमा तरकारी तथा २५ रोपनी क्षेत्रमा खाधान्य वाली लगाउनु पर्ने छ ।

५. पानी श्रोत खुल्ने मुहान कुलो वाध संरचना निर्माण स्थल पाईप लाईन विस्तारमा कुनै किसिमको विवाद नभएको हुनु पर्ने छ ।

६. सुचना प्रकाशित मितिले १५ दिन २०७६।०८।११ गते सम्म यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता गराई सक्नुपर्नेछ । अन्तिम म्यादका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्नेछ ।

७. अन्य कुरा प्रचलित नियम कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ।

नोट- अन्य केही कुरा बुझ्न परेमा सम्वन्धित वार्ड कार्यालय वा यस कार्यालयको फोन न ०७७४२०११२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np